श्री

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

**२०७८।०७९ सालको निर्णय नं. ३२४**

**पुनरावेदन नं. ०७८-RB-००१४**

**मुद्दाः– मोवाइल समेतको सामान भन्सार चोरी पैठारी ।**

काठमाण्डौ जिल्ला का.म.पा. वडा न. १३ बस्ने वखानारायण मानन्धरको छोरा विपिन मानन्धर.......................................................................................१ } पुनरावेदक प्रतिवादी

**विरुद्ध**

त्रिभुबन बिमानस्थल भन्सार कार्यालयका राजेशनाथ वास्तोला समेतको जाहेरी प्रतिबेदनले नेपाल सरकार................................................................................ १ } प्रत्यर्थी वादी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- त्रिभुवन विमानस्थल भन्सार कार्यालय, काठमाण्डौ

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख भन्सार प्रशासक श्री लक्ष्मीप्रसाद निरौला

शुरु कार्यालयको निर्णय मितिः–२०७८/०३/१५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ताद्धय श्री अनन्तराज लुईटेल र श्री प्रतिमा उप्रेती

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री दिपक भन्डारी

**अविलम्वित नजीरः** ×

त्रिभुवन विमानस्थल भन्सार कार्यालय काठमाण्डौको मिति २०७८।०३।१५ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. मिति २०७७।९।७ गते अन्दाजी १०:४८ बजेको समयमा नेपाल एयरलाईन्स RA410 को जहाजद्धारा नेपाल आगमन हुने बिभिन्न यात्रुहरुलाई अबैध रुपमा बिभिन्न कपडा, मोबाइल, IPad ल्याउन लगाई भन्सार छली गरी नयाँ पार्किङ एरियामा का.जि. का.न.पा. वडा नं. १३ निबासी बिपिन मानन्धरले मोबाइल समेतका सामानहरु ल्याउन लगाई भन्सार छली गरी बाहिर संकलन गर्दै गरेको अबस्थामा फेला पारी रितपुर्बक बरामद गरिएको अन्तराष्ट्रिय बिमानस्थल सुरक्षा कार्यालयको मिति २०७७।९।७ को बरामदी मुचुल्का।

२. सुराकीले दिएको बिशेष सुराकको आधारमा मिति २०७७।९।७ गते अन्दाजी १०:४८ बजेको समयमा का.जि.का.म.न.पा. २३ कालिमाटी स्थायी वतन भएका बिपिन मानन्धर यस त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलको अन्तराष्ट्रिय आगमनतर्फको नयाँ पार्किङ्ग एरियामा आई नेपाल एयरलाइन्सको उडान नं. RA410 बाट काठमाडौ आगमन भएका बिभिन्न यात्रुहरुलाई भन्सार छली गर्न लगाई अन्दाजी रु.१५,७५,०००। (पन्ध्र लाख पचहत्तर हजार रुपैया) बराबरको मोबाइल समेतका सामानहरु अबैध रुपमा संकलन गरी लैजान लागेको अबस्थामा फेला पारिएको हुँदा बरामद सामानहरु सहित निजलाई यसै प्रतिबेदन साथ पेश गरिएको छ भन्ने अन्तराष्ट्रिय बिमानस्थल सुरक्षा कार्यालयका प्र.ब.उ. राजेशनाथ बास्तोला समेतको २०७७।९।७ को प्रहरी प्रतिबेदन।

३. प्रस्तुत मुद्धाको अनुसन्धान तथा तहकिकात गर्नको लागि प्रमुख भन्सार अधिकृत किशोर बर्तौलालाई मिति २०७७।०९।८ मा अनुसन्धान अधिकृत तोकिएको।

४. प्रतिबादी बिपिन मानन्धरलाई थुनामा राखि अनुसन्धान गर्नको लागि मिति २०७७।०९।०७ देखि लागु हुने गरी मुद्धा हेर्ने अधिकारीबाट म्याद थप भएको।

५. मिति २०७७।०९।०७ गते नेपाल प्रहरीले मलाई भन्सार चोरी पैठारीको अभियोगमा पक्राउ गरेको हो। मेरो साथबाट बरामद भएको सामानहरु बिभिन्न मानिसहरुले हङ्गकङ्गबाट पठाएको सामान हो। उक्त सामानहरु हङ्गकङ्गबाट बिमल ज्ञावली भन्ने मानिसले पठाएको हो। उक्त मोबाइल समेतको सामान ल्याउने एक जना राई थरकी महिला सहित चार पाँच जनाले ल्याइदिएका हुन। उनीहरुको नाम थर केही पनि थाहा छैन। बिमल ज्ञावलीको नेपालको ठेगाना गुल्मी जिल्ला हो भन्नेसम्म थाहा छ अरु थाहा छैन। उ हाल हङ्गकङ्गमा नै बस्दछन। सामान

धनीको नाम सामानको पोकामा नै हुन्छ। प्रहरीले बुझाएको सामानमा धनीको नाम नहुनुमा उनीहरुले गन्ती गर्दा सबै पोका खोल्दा च्यातीएको हुनसक्छ। हङ्कङ्गबाट सामान ल्याइदिए बापत एक के.जी. को छ सात सय रुपैया लिने गरेको छौ। बरामदीत सामान बैध हो भन्ने प्रमाण छैन, पेश गर्न सक्दिन भन्ने समेत ब्यहोराको प्रतिवादी विपिन मानन्धरले अनुसन्धान अधिकृत समक्ष मिति २०७७।०९।१० मा गरेको बयान।

६. बिदेशबाट भित्र्याइएका बरामदीत मालबस्तु भन्सार ऐन, २०६४ को दफा १८(१) बमोजिम प्रतिबादी बिपिन मानन्धरले भन्सार घोषणा गरेको नदेखिएको। निज प्रतिबादीलाई उक्त मालबस्तुको भन्सार तिरे बुझाएको निस्सा भन्सार अधिकृतले माग गर्दा पेश गर्न सक्दिन भनी प्रतिबादी बिपिन मानन्धरले बयान गरेबाट उक्त मालबस्तु भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम भन्सार चोरी पैठारी गरी भन्सार ऐन, २०६४ को दफा ५७(१)ले निषेधित भन्सार मालबस्तु पैठारी गरेको कसुरमा बिगो रु.१५,७५,०००।-(पन्ध्र लाख पचहत्तर हजार रुपैया) कायम गरी प्रतिबादीलाई सोही ऐनको दफा ५७(१ग) को देहाय(क) बमोजिमको सजाय र उक्त बरामदी बस्तु जफत गरी भन्सार नियमावली, २०६४ को नियम ४७ बमोजिम सुराकीलाई पुरस्कारको मागदावी सहित अनुसन्धान अधिकृतबाट मिति २०७७।०९।२२ गते पेश भएको अभियोग पत्र।

७. मिति २०७७।०९।०७ गते नेपाल प्रहरीले मलाई भन्सार चोरी पैठारीको अभियोगमा पक्राउ गरेको हो। मेरो साथबाट बरामद भएको सामानहरु बिभिन्न मानिसहरुले हङ्कङ्गबाट पठाएको सामान हो। उक्त सामानहरु हङ्कङ्गबाट बिमल ज्ञावली भन्ने मानिसले पठाएको हो। उक्त मोबाइल समेतको सामान ल्याउने एक जना राई थरकी महिला सहित चार पाँच जनाले ल्याइदिएका हुन। उनीहरुको नाम थर केही पनि थाहा छैन। बिमल ज्ञावलीको नेपालको ठेगाना गुल्मी जिल्ला हो भन्नेसम्म थाहा छ अरु थाहा छैन। उ हाल हङ्कङ्गमा नै बस्दछन। सामान धनीको नाम सामानको पोकामा नै हुन्छ। प्रहरीले बुझाएको सामानमा धनीको नाम नहुनुमा उनीहरुले गन्ती गर्दा सबै पोका खोल्दा च्यातीएको हुनसक्छ। हङ्कङ्गबाट सामान ल्याइदिए बापत एक के.जी. को छ सात सय रुपैया लिने गरेको छौ। बरामदीत सामान बैध हो भन्ने प्रमाण छैन, पेश गर्न सक्दिन भन्ने समेत ब्यहोराको प्रतिवादी विपिन मानन्धरले प्रमुख भन्सार प्रशासक समक्ष मिति २०७७।०९।२२ मा गरेको बयान।

८. कसुर प्रमाणित भएमा निजलाई भन्सार ऐन, २०६४ को दफा ५७(१ग) को खण्ड (क) बमोजिम हुन सक्ने अधिकत्तम एक महिना कैद समेतलाई दृष्टिगत गरी जम्मा रु.१५,८४,०००।-(पन्ध्र लाख चौरासी हजार रुपैया)धरौटी माग गर्ने। माग भए बमोजिमको नगद धरौटी दाखिला गरेमा तारेखमा छाड्ने र दाखिला नगरेमा कारागार कार्यालय

जगन्नाथदेवल, काठमाण्डौमा थुनामा राख्न पठाउनु भन्ने प्रमुख भन्सार अधिकृतबाट मिति २०७७।०९।२२ मा भएको थुनछेक आदेश।

९. मिति २०७७।०९।२२ गतेको आदेशबाट माग भएको रु.१५,८४,०००।-धरौटी रकम निजले सोही मितिमा दाखिला गरेको हुँदा प्रतिवादी विपिन मानन्धर तारेखमा रहेको।

१०. प्रतिबादीको साथबाट बरामद भएको मोवाइल समेतका मालबस्तुको निस्सा भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम अनुसन्धान अधिकृतले माग गर्दा निज प्रतिबादीले पेश गर्न नसकेको समेतका आधारमा निज प्रतिबादीको उक्त कार्य भन्सार ऐन, २०६४ को ५७(१) बमोजिमको कसुर पुष्टी हुन आएकोले निजले बरामदीत मोवाइल समेतका मालबस्तुको भन्सार चोरी पैठारी गरेको हुँदा बरामदीत मोवाइल समेतका मालबस्तुको रु.१५,७५,०००।-(पन्ध्र लाख पचहत्तर हजार रुपैया) लाई बिगो कायम गरी भन्सार ऐन, २०६४ को दफा ५७(१ग) बमोजिम उक्त मोवाइल समेतका मालबस्तु जफत गरी बिगो बमोजिम रु रु.१५,७५,०००।-(पन्ध्र लाख पचहत्तर हजार रुपैया) जरीवाना हुने र ऐ. ऐनको दफा ५७ को उपदफा (१ग) को खण्ड(क) बमोजिम १६ दिन कैद हुने ठहर्याई शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७८।०३।१५ मा भएको निर्णय ।

११. मैले अनुसन्धान अधिकारी एवं निर्णयाधिकारी समक्ष गरेको बयानको मुल्याकन नै नगरी मोवाइल समेतका मालबस्तुको चोरी पैठारी गरेको ठहर्याई जरीवाना र कैद सजाय हुने गरी त्रिभुवन विमानस्थल भन्सार कार्यालयले गरेको फैसला कानुनी त्रुटीपुर्ण हुँदा बदर गरी न्याय दिलाई पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई प्रतिवादीको तर्फबाट मिति २०७८/०४/१८ गते यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

१२. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालय काठमाणडौलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०१/२३ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

१३. नियम बमोजिम साप्ताहीक तथा दैनिक पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्धय श्री अनन्तराज लुईटेल एंव श्री प्रतिमा उप्रेतीले प्रतिवादी सामान्य व्यापार व्यवसायमा संलग्न रहेको र कसैलाई सामान पुर्याउन त्रिभुवन विमानस्थल गएको अबस्थामा आशंकाको भरमा मोवाईल समेतका मालबस्तु चोरी पैठारी गरेको भनि शुरु

त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट गरिएको जरीवाना र कैद सजाय मिलेको नदेखिदा बदर गरी प्रतिवादीलाई सफाई दिने गरी फैसला गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भन्डारीले प्रतिवादीको साथबाट मोवाईल समेतका मालबस्तु बरामद भएको तथ्य र बरामदी मुचुल्कामा प्रतिवादीले सहीछाप गरेको एवं अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा आफ्नो साथबाट मोवाईल समेतका मालबस्तु बरामद भएको तथ्यलाई स्वीकार गरेको अवस्थामा त्रिभुवन विमानस्थल भन्सार कार्यालयले प्रतिवादीलाई बरामदीत सामान जफत गरी विगो बमोजिम जरीवाना र कैद सजाय हुने गरी गरेको शुरु फैसला कानुनसम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१४. पुनरावेदकका तर्फबाट लिइएका पुनरावेदन जिकिर, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा पुनरावेदक प्रतिवादी विपिन मानन्धरलाई आरोपित कसुरमा दोषी ठहर गरी सजाय गर्ने गरी त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक प्रतिवादी विपिन मानन्धर उपर भन्सार ऐन, २०६४ को दफा ३८ र ५७(१) को कसुरमा सोही ऐनको दफा ५७(१ग) बमोजिमको सजायको माग दावी लिई अभियोगपत्र दायर भएको पाईन्छ। प्रतिबादी विपिन मानन्धरले मिति २०७७।०९।०७ गते त्रिभुवन विमानस्थल भन्सार कार्यालयको पार्किङ्ग एरियामा बसी RA410 को उडानबाट नेपाल आएका विभिन्न व्यक्तिहरुबाट ल्याइएका विभिन्न सामानहरु संकलन गर्दै गरेको अवस्थामा मोवाइल समेतका मालबस्तुहरु बरामद भएको मिसिल संलग्न मिति २०७७।०९।०७को बरामदी/खानतलासी मुचुल्काबाट देखिन्छ।उक्त मुचुल्कामा यी प्रतिवादी समेत रोहवरमा बसी दस्तखत गरेको देखियो। बरामदित मोवाइल समेतका मालबस्तुहरु विभिन्न मानिसहरुले विदेशबाट ल्याइदिएको र सो सामानहरु नेपालमा विभिन्न व्यक्तिहरुलाई पुर्याउने गरेको छु भनि बरामद भएको तथ्यलाई प्रतिवादीले अनुसन्धान अधिकृत समक्ष बयान गर्दा तथा मुद्दा हेर्ने अधिकारी प्रमुख भन्सार प्रशासक समक्ष गरेको बयानमा समेत स्वीकार गरेको देखिन्छ। भन्सार ऐन, २०६४ को दफा २(च) मा "चोरी पैठारी" भन्नाले भन्सार महशुल लाग्ने मालबस्तु भन्सार महशुल नतिरी लुकाई छिपाई वा बाटो छली वा भन्सार महशुल नलाग्ने मालबस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपाल भित्र ल्याउने कार्यलाई सम्झनु पर्छ भनी परिभाषित गरेको देखिन्छ भने

सोही ऐनको दफा ३८ मा "दफा ३६ वा ३९ बमोजिम तलासी लिँदा भन्सार महसुल लाग्ने वा यस ऐन बमोजिम घोषणा गरी पैठारी वा निकासी गर्नु पर्ने मालवस्तु बरामद भएकोमा भन्सार अधिकृतले तलासी लिएको व्यक्तिलाई सो मालवस्तुको प्रज्ञापनपत्र र भन्सार महसुल लाग्ने मालवस्तु भए महसुल तिरेको निस्सा पेश गर्न आदेश दिनेछ। निजले त्यस्तो प्रज्ञापनपत्र वा निस्सा पेश गर्न नसकेमा चोरी पैठारी वा चोरी निकासी गरेको मानिनेछ" भन्ने व्यवस्था रहेकोमा प्रतिबादी विपिन मानन्धरको साथबाट बरामदीत मोवाइल समेतका मालबस्तुको पैठारीकर्ताले त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा घोषणा गरी पैठारी गरेको भन्ने प्रज्ञापनपत्र पेश गरेको देखिदैन। साथै, बरामदीत मोवाइल समेतका मालबस्तुको भन्सार महसुल तिरेको कुनै निस्सा निज प्रतिवादीले पेश गर्न सकेको समेत पाईदैन। भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) मा कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ भन्ने कानुनी व्यबस्था रहेको पाइन्छ। प्रतिबादीको साथबाट बरामद भएको मोवाइल समेतका मालबस्तु वैध हो भन्ने प्रमाण लाग्ने निस्सा अनुसन्धान अधिकृतले माग गर्दा यी प्रतिवादीले पेश गर्न सकेको समेत देखिदैन।

१६. प्रतिवादीको साथबाट भन्सार महशुल लाग्ने मोवाइल समेतका मालवस्तु वरामद भएको, उक्त मालवस्तु हङ्गकङ्गबाट पठाएको र त्यसरी हङ्गकङ्गबाट सामान ल्याइ दिए वापत एक के.जी.को सातसय लिने गरेको छु भनी प्रतिवादीले मुद्दा हेर्ने अधिकारी समक्ष बयान गर्दा स्वीकार गरेको अवस्था देखियो। यसरी आफ्नो साथबाट बरामद भएको मोवाइल समेतका मालबस्तुको प्रतिवादीले भन्सारमा घोषणा गरेको वा सो मोवाइल समेतका मालबस्तुको वैध रुपमा पैठारी गरेको पुष्टी हुने भन्सार महसुल तिरेको कुनै प्रमाण पेश गर्न सकेको नदेखिँदा प्रतिवादीबाट आरोपित भन्सार ऐन, २०६४ को दफा ३८ र ५७(१) को कसुर भएको प्रमाणबाट पुष्टी भइरहेको देखिन आयो। वरामदी मुचुल्का, प्रतिवादीको बयान समेतका मिसिल संलग्न प्रमाणको आधारमा प्रतिवादीलाई कसुरदार ठहर्याई सजाय गर्ने गरेको शुरु फैसलालाई कानुनको हचुवापुर्ण रुपमा प्रयोग गरेको मात्र मिल्ने अवस्था नदेखिँदा सफाई पाउनु पर्छ भनी प्रतिवादीले लिएको पुनरावेदन जिकीरसंग यो इजलास सहमत हुन सकेन।

१७. अतः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट प्रतिवादी विपिन मानन्धरलाई भन्सार ऐन २०६४ को ५७(१) बमोजिमको कसुरमा सोही ऐनको दफा ५७(१ग)

बमोजिम बरामद मालबस्तु जफत गरी निजलाई बिगो बमोजिम रु.१५,७५,०००।- (अक्षरुपी पन्ध्र लाख पचहत्तर हजार रुपैया) जरीवाना र १६ दिन कैद गर्ने गरी त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७८।०३।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू।

२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

३. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल त्रिभुवन विमानस्थल भन्सार कार्यालय पठाई रेकर्ड मिसिल नियमानुसार गरी बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा हामीहरुको सहमति छ।

(गोविन्दप्रसाद अधिकारी) (पुष्प प्रसाद गुरागाईं)

(राजस्व सदस्य) (लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः श्री भिष्म भट्टराई
इतिसम्बत २०७९ साल असार २३ गते रोज ५ शुभम.............................

फैसला प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप